"कृषि सहर-पाँचखालनगर"

# पाँचखाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक
३ नम्बर प्रदेश, नेपाल

प.स : २०७४।७५
च.नं. : १५२१

मिति : २०७५।०२।१०

**विषय : सूचना प्रसारण गर्ने सम्बधमा ।**

श्री प्रवन्ध निर्देशक ज्यू
नमोबुद्ध एफ.एम १०६.७ मेगाहर्ज
धूलिखेल, काभ्रे

यस पाँचखाल नगरपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आइरहनु भएका सम्पूर्ण लाभग्राहीहरुको लागि एफ.एम मार्फत सूचना प्रशारण गर्नु पर्ने भएको हुनाले यसै पत्र साथमा समाबेश गरी पठाइएको सूचनालाई तहाँको एफ.एमबाट बिहान ४ पटक, दिउँसो ३ पटक र बेलुकी ४ पटक गरी दिनको जम्मा ११ पटक मिति २०७५ साल जेष्ठ महिनाको २५ गते सम्म यो सूचना प्रशारण गरिदिनुहुनको लागि अनुरोध गरिन्छ ।

..............................
भोलाप्रसाद चापागाईं
प्रमुख प्रशासकीय अधिकृत

# सूचना सूचना सूचना

हाल सम्म सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीमा जान बाँकी रहेको यस नगरपालिकाको वडा नं. ११, साविक खरेलथोक गा.वि.स को कृषि विकास बैंक लिमिटेड पाँचखाल शाखामा र वडा नं. १३, साविक कोशीदेखा गा.वि.स को नेपाल बैंक लिमिटेड पाँचखाल शाखामा यही मिति २०७५ साल जेष्ठ महिनाको २५ गते भित्रमा खाता खोली सक्नु पर्ने व्यहोरा वडा नं. ११ र १३ का सम्पूर्ण सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुमा सूचित गरिन्छ।

***खाता खोल्नको लागि हावश्यक सामग्रीहरु :***

- ***अन्य जेष्ठ नगरिक, दलित जेष्ठ नागरिक, एकल विधवा, अविवाहित एकल महिला र आंशिक अपाङ्गको हकमा -***

✓ नेपाली नागरिकताको प्रतिलिपि - १

✓ *सामाजिक सुरक्षा भत्ता कार्डको प्रतिलिपि* - १

✓ *हालसालै खिचेको फोटो* २ प्रति

✓ *बत्तीको बिलको प्रतिलिपि* - १

- ***पूर्ण अशक्त अपाङ्ग र पाँच वर्ष मूनिका बालबालिका सुरक्षा भत्ताको हकमा -***

✓ *वडाको सिफारिस*

✓ *लाभग्राहीको फोटो २ प्रति*

✓ *संरक्षकको फोटो २ प्रति र नागरिकताको प्रतिलिपि १ प्रति*

✓ *बत्तीको महसुल तिरेको बिलको प्रतिलिपि* - १